# मिथिला नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

ढल्केबर, धनुषा
प्रदेश नं. २, नेपाल

### कृषि विकास शाखा

**धान बालीको साना व्यवसायिक कृषि उत्पादन केन्द्र(पकेट) विकास कार्यक्रम संचालन सूचना**
(दोस्रो पटक प्रकाशित मिति २०७८।११।०५)

आ.व. २०७८/०७९ मा प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना अन्तर्गत तपसिलका क्षेत्रमा निम्न कार्यक्रमहरु संचालन गर्नुपर्ने भएकोले इच्छुक कृषि समूह/सहकारी/जल उपभोक्ता समिति/कृषि फर्महरुले आवश्यक कागजात सहित यो सूचना प्रकाशित भएको मितिले १५ औं दिन भित्र (मिति २०७८/११/१९ गते) यस न.पा.को कार्यालयको कृषि विकास शाखा मा तोकिएको ढाँचा (अनुसूची- १०) अनुसार आवेदन दर्ता गर्नुहुन सम्बन्धित सबैमा जानकारी गराइन्छ । साथै यस विषयमा थप्र जानकारीका लागि कृषि विकास शाखामा सम्पर्क गर्न सकिनेछ ।

१) पकेटको कार्याक्षेत्र : मिथिला नगरपालिका वडा नं. १०
२) कार्यक्रम : धान पकेट

<u>निवेदन साथ पेश गर्नुपर्ने कागजातहरु</u>

(१) कृषि समूह/सहकारी/जल उपभोक्ता समिति/कृषि फर्मको दर्ता तथा नवीकरण भएको प्रमाणपत्रको प्रतिलिपि ।
(२) कार्यक्रम संचालन हुने स्थान (जग्गा/जमिन) को स्वामित्व खुल्ने कागजात वा भाडाको जग्गा भएमा कम्तीमा ५ वर्षको सम्झौता पत्रको प्रतिलिपि ।
(३) निवेदकको नागरिकता वा परिचय खुल्ने प्रमाणपत्रको प्रतिलिपि ।
(४) कार्य समितिको निर्णयको प्रतिलिपि ।

२०७८।११।५

प्रमुख प्रशासकीय अधिकृत